# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

२०७६ साल असार ३० गते

सोमबार

आज मिति २०७६ साल असार ३० गते सोमबार दिनको १:०० बजे बस्ने गरी निर्धारण गरिएको प्रतिनिधि सभाको बैठक देशका विभिन्न भागमा आएको बाढी पहिरो र डुबानबाट भएको जनधनको क्षति लगायतको प्राकृतिक विपत्तीमा परि मृत्यु हुनेहरुका परिवारमा सान्त्वना लगायत अन्य आवश्यक सहयोग पुऱ्याउन, वेपत्ता परिवारको खोजी, उद्धार र राहतमा आवश्यक सहयोग, समन्वय एवं अनुगमन समेत गर्न माननीय सदस्यहरुलाई आ-आफ्नो क्षेत्र, जिल्लामा जान समय दिनुपर्ने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखज्यूले अर्को बैठक २०७६ साल साउन ८ गते बुधबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

-मनोहर

मनोहरप्रसाद भट्टराई

संघीय संसदको महासचिव